गौशाला नगरपालिका

# स्थानीय राजपत्र

खण्डः ९ संख्याः १३ मितिः २०८२।१२।२३ गते

## भाग-२

## गौशाला नगरपालिका

# नगर खेलकुद विकास समिति सञ्चालन कार्यविधि, २०८१

**प्रस्तावनाः** गौशाला नगरपालिका क्षेत्रभित्र खेलकुद विकास गर्न एवं नगरपालिकाभित्र रहेका खेलकुद संघसंस्थाहरुलाई प्रोत्साहन एवं नियमनका लागि कानुनी व्यवस्था गर्न बाञ्छनीय भएकाले नेपालको संविधानको अनुसूची ९ को २ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (४) को (क) बमोजिम गौशाला नगरपालिका नगर कार्यपालिकाबाट स्वीकृत गरी यो "नगर खेलकुद विकास समिति सञ्चालन कार्यविधि, २०८१" जारि गरिएको छ ।

## परिच्छेद — १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ**

(१) यो कार्यविधिको नाम "नगर खेलकुद विकास समिति सञ्चालन कार्यविधि, २०८१" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

## परिच्छेद — २
## परिभाषा

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(१) "नगरपालिका" भन्नाले गौशाला नगरपालिकालाई जनाउँदछ ।

(२) "कार्यविधि" भन्नाले गौशाला नगरपालिका "नगर खेलकुद विकास समिति सञ्चालन कार्यविधि, २०८१" सम्झनुपर्दछ ।

(३) "सल्लाहकार" समिति भन्नाले दफा ३ बमोजिम गठन भएको सल्लाहकार समिति सम्झनुपर्दछ ।

(४) "नगर खेलकुद विकास समिति" भन्नाले यस कार्यविधिको दफा ४ बमोजिम गठन भएको खेलकुद विकास समिति सम्झनुपर्दछ ।

(५) "संयोजक" भन्नाले नगर खेलकुद विकास समितिको संयोजकलाई सम्झनुपर्दछ ।

(६) "सदस्य" भन्नाले नगर खेलकुद विकास समितिका सदस्य सम्झनुपर्दछ ।

(७) "सदस्य-सचिव" भन्नाले नगर खेलकुद विकास समितिको सदस्य-सचिव सम्झनुपर्दछ ।

(८) "प्रमुख" भन्नाले गौशाला नगरपालिकाको प्रमुख सम्झनुपर्दछ ।

(९) "उप-प्रमुख" भन्नाले गौशाला नगरपालिकाको उप-प्रमुख सम्झनुपर्दछ ।

(१०) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले गौशाला नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्दछ ।

(११) "खेलकुद सम्बन्धी संस्था" भन्नाले दफा ११ र १२ बमोजिम दर्ता भएका संस्था सम्झनुपर्दछ ।

(१२) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस कार्यविधिमा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्दछ ।

(१३) "खेलकुद" भन्नाले गौशाला नगरपालिकाको आयोजना वा स्वीकृति वा सहमति लिई खेलाइने खेलकुदसमेतलाई सम्झनुपर्दछ ।

(१४) "खेलाडी" भन्नाले टिम, क्लव, संघ, संस्था तथा विभिन्न विधाका स्थानीय, राष्ट्रिय, अन्तर्राष्ट्रिय खेलमा खेल्ने खेलाडीलाई सम्झनुपर्दछ ।

(१५) "प्रशिक्षक" भन्नाले राष्ट्रिय खेलकुद परिषद् वा परिषद्बाट मान्यता प्राप्त खेल संघबाट प्रशिक्षकको प्रमाण-पत्र प्राप्त व्यक्ति वा गौशाला नगरपालिकाद्वारा सञ्चालित खेलकुद प्रशिक्षणमा सहभागी खेलकुद प्रशिक्षक सम्झनुपर्दछ।

(१६) "प्रशिक्षार्थी" भन्नाले गौशाला नगरपालिकाद्वारा सञ्चालित खेलकुद प्रशिक्षणमा सहभागी खेलाडी, खेलाडी टिम, क्लव, संघ संस्थामा सम्बद्ध सिकारु खेलाडी सम्झनुपर्दछ ।

(१७) "प्रोत्साहन" भन्नाले खेलाडीलाई दिइने उपहार, सम्मान र पुरस्कारलाई सम्झनुपर्दछ ।

## परिच्छेद-३

## सल्लाहकार समितिको र नगर खेलकुद विकास समिति

**३. सल्लाहकार समितिको गठनः** खेलकुदको विकास र प्रवर्धन एवं खेलकुद विकास समितिलाई मार्गनिर्देशन् गर्न देहाय बमोजिमको सल्लाहकार समितिको रहनेछः

(१) नगर प्रमुख-अध्यक्ष

(२) प्रमुख प्रशासकीय अधिकृत-सदस्य

(३) वडाका वडाध्यक्ष तथा कार्यपालिका सदस्यहरूमध्येबाट नगर प्रमुखबाट मनोनित एक जना महिला-सदस्य

(४) जिल्ला खेलकुद विकास समितिको अध्यक्ष-सदस्य

(५) शिक्षा शाखा प्रमुख वा निजले तोकेको अधिकृत-सदस्य सचिव

**४. नगर खेलकुद विकास समितिको गठनः**

(१) खेलकुदको विकास गर्नको लागि गौशाला नगरपालिकामा देहाय बमोजिमको ९ सदस्यीय खेलकुद विकास समिति" को गठन हुनेछः

(क) खेलकुदका क्षेत्रमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा ख्यातिप्राप्त पूर्वखेलाडी वा प्रशिक्षकका रुपमा १० वर्षदेखि निरन्तर क्रियाशील व्यक्तिमध्येवाट गौशाला नगरपालिकाको प्रमुखले तोकेको व्यक्ति-संयोजक

(ख) नगर प्रमुखबाट मनोनित वडाध्यक्ष वा कार्यपालिका सदस्यहरू मध्येबाट एक जना महिला सहित २ जना-सदस्य

(ग) नगर, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेल जगतमा प्रतिष्ठा आय-आर्जन गरेका खेलाडी वा पूर्वखेलाडी वा प्रशक्षिक मध्येबाट नगर प्रमुखबाट मनोनित कम्तिमा २ जना महिला सहित ५ जना - सदस्य

(घ) सम्बन्धित शाखाको अधिकृत १ जना सदस्य- सचिव

(२) उपदफा (१) बमोजिम मनोनित गर्दा मान्यता प्राप्त सबै खेल संघबाट प्रतिनिधित्व हुने गरी गर्नुपर्नेछ ।

(३) समितिले आवश्यक महशुसमा अन्य स्थानीय तह वा जिल्लाको खेलकुदको क्षेत्रमा ख्याती प्राप्त व्यक्तिलाई विशेषज्ञ वा सल्लाहकारको रुपमा समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(४) नगर खेलकुद समितिले आवश्यकता अनुसार प्रत्येक वडामा वडा खेलकुद समिति गठन गर्न सकिनेछ ।

**५. खेलकुद विकास समितिको काम, कर्तव्य र अधिकारः**

खेलकुद विकास समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(१) नगर स्तरीय खेलकुद क्यालेण्डरलाई स्वीकृत गर्ने ।

(२) स्थानीय स्तरका खेलकुदको लागि भौतिक पूर्वाधार निर्माण र खेलकुद विकास योजना निर्माण गर्ने ।

(३) खेलकुदको स्तरमा वृद्धि गर्न नगर अन्तरपालिका स्तरका विभिन्न विधाका खेलकुदको प्रतियोगिताहरूको आयोजना तथा सञ्चालन गर्ने गराउने ।

(४) शिक्षण संस्थाहरूमा खेलकुदसम्बन्धी पाठ्यक्रम निर्माण, प्रशिक्षण, प्रतियोगिता सञ्चालन गर्ने तथा खेलकुदको उपयोगिताका सम्बन्धमा प्रचार प्रसार गर्ने गराउने ।

(५) खेलकुद सम्बन्धी प्रतियोगिता वा बैठकमा भाग लिन खेलाडी, समितिका सदस्य तथा कर्मचारीलाई अन्य गा.पा./ न.पा./ म.न.पा., जिल्ला, प्रदेश र संघमा पठाउन सिफारिस गर्ने ।

(६) स्थानीय स्तरका खेलकुद प्रशासन, शैक्षिक संस्था, क्लव, संघ, प्रशिक्षण संस्थाहरूसँग समन्वय तथा नियमन गर्ने र आवश्यक निर्देशन दिने ।

(७) नगरपालिकालाई खेलकुद विकास सम्बन्धी विषयमा राय सुझाव दिने ।

(८) खेलकुदसम्बन्धी संघ, क्लव, संस्थालाई आर्थिक सहयोगको लागि नगर समक्ष सिफारिश गर्ने ।

(९) खेलकुदसम्बन्धी स्तरोन्नती हुने पुस्तक, पर्चा, चलचित्र वा भिडियो चलचित्र आदिको स्रष्टा एवं निर्मातालाई आर्थिक वा अन्य सहयोग गरी प्रोत्साहित गर्न नगरपालिकालाई सिफारिस गर्ने ।

(१०) खेलकुदको दीर्घकालीन विकासको लागि आवश्यकतानुसार प्रत्येक वडामा खेलकुद मैदानको निर्माण गरी संरक्षण तथा रेखदेख गर्ने ।

(११) खेलाडीहरूको स्तरोन्नती गर्न आवश्यकतानुसार स्वदेशी तथा विदेशी प्रशिक्षकहरूबाट प्रशिक्षण दिलाउने व्यवस्था गर्ने र उपयुक्त खेलाडीको छनौट गरी आवश्यकतानुसार विदेशमा समेत तालिम हाँसिल गर्नको लागि पठाउने ।

(१२) नगरभित्रका खेलाडीहरूलाई आर्थिक सहायता तथा छात्रवृत्ति प्रदान गर्नको लागि स्थानीय सरकार समक्ष सिफारिश गर्ने ।

(१३) खेलाडीको स्वास्थ्यको प्रवर्धन गर्नको लागि आवश्यक व्यवस्था गर्ने ।

(१४) विभिन्न कारणबाट शारीरिक तथा मानसिक रुपमा विकलाङ्ग हुन पुगेका अपाङ्गहरूको खेलकुदको विकास गर्न तालिम तथा प्रतियोगिता सञ्चालन गर्न व्यवस्था गर्ने र आवश्यकतानुसार त्यस्तो खेलकुदको महत्वको सम्बन्धमा प्रचार प्रसार गर्ने गराउने ।

(१५) वडास्तर र विद्यालयस्तरमा खेलकुद गतिविधि सञ्चालन गर्ने/ गराउने ।

(१६) खेलकुदमार्फत रोजगारी अभिवृद्धिका लागि आवश्यक पहल गर्ने।

(१७) वडास्तरमा क्रियाशील खेलकुद क्लवहरूको समन्वय, नियमन गर्ने।

(१८) खेलकुदको विकासको लागि अन्य आवश्यक कार्य गर्ने गराउने ।

**६. सदस्य सचिवको काम, कर्तव्य र अधिकारः**

(१) बैठकको पत्राचार गर्ने, अभिलेख राख्ने, निर्णय पुस्तिकाको सुरक्षा गर्ने र संयोजकको आदेशानुसार बैठकको लागि आवश्यक विषय सूची र सामग्री जुटाउने।

(२) बैठकको माइन्युट उठाउने र बैठक सञ्चालन सम्बन्धी आवश्यक काम गर्ने।

(३) समितिको सचिवालयको व्यवस्थापन कार्य गर्ने।

**७. समितिका सदस्यहरूको पदावधिः**

(१) मनोनीत सदस्यहरूको पदावधि तीन वर्षको हुनेछ र पदावधि समाप्त भएपछि निजहरूको पुनः मनोनयन हुन सक्नेछ । तर, स्थानीय तहको निर्वाचन भएमा निजहरूको पदावधि स्वतः समाप्त हुनेछ ।

(२) पदावधि समाप्त नहुँदै कुनै सदस्यको पद रिक्त हनु आएमा बाँकी पदावधिको लागि दफा ३ को प्रतिक्रिया बमोजिम पदपूर्ति गरिनेछ ।

(३) सदस्यले राजीनामा गरी स्वीकृत भएमा निज आफ्नो पदबाट मुक्त भएको मानिनेछ।

(४) कुनै सदस्यले आफ्नो कर्तव्य पालन गरको छैन भन्ने लागेमा समितिको सिफारिसमा कार्यपालिकाको निर्णयले त्यस्तो सदस्यलाई जुनसुकै बखत हटाउन सक्नेछ। त्यस्तो कारबाही गर्दा सम्बन्धित सदस्यलाई सफाइ दिने मौकाबाट बञ्चित गरिनेछैन् ।

**८. सदस्यको अयोग्यताः** देहायको कुनै व्यक्ति सदस्यमा मनोनीत हुन वा बहाल रहन सक्ने छैनः-

(१) गैर नेपाली नागरिक ।

(२) समितिमा कार्यरत बैतनिक कर्मचारी ।

(३) साहुको ऋण तिर्न नसकी दामासाहीमा परेको ।

(४) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार ठहरी सजाय पाएको ।

(५) मानसिक सन्तुलन ठिक नभएको ।

(६) पदेन सदस्य बाहेक अन्य सदस्य २१ (एक्काइस) वर्ष उमेर पूरा नभएको ।

**९. सदस्यता समाप्त हुने अवस्थाः** देहायको अवस्थामा सदस्यता समाप्त भएको मानिनेछः-

(१) दफा ७ बमोजिम सदस्यमा बहाल रहन अयोग्य भएमा ।

(२) सदस्यले राजीनामा गरेमा ।

(३) मृत्यु भएमा ।

(४) समितिलाई कारण सहितको सूचना नदिई लगातार तीन पटक भन्दा बढी समितिको बैठकमा अनुपस्थित भएमा ।

## परिच्छेद-४
## समितिको बैठक

**१०. समितिको बैठक र निर्णयः**

(१) संयोजकबाट निर्देशन भए अनुसार सदस्य- सचिवले मिति, समय र स्थान तोकी समितिको बैठक बोलाउनेछ।

(२) समितिको बैठकको अध्यक्षता संयोजकले गर्नेछ र निजको अनुपस्थितिमा सदस्यहरूले आफू मध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ।

(३) समितिको कूल सदस्य संख्याको ५१ (एकाउन्न) प्रतिशत सदस्यहरू उपस्थित भएमा बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ ।

(४) समितिको बैठक कम्तिमा प्रत्येक २/२ महिनामा एक पटक गरी एक वर्षमा कम्तीमा ६ पटक बस्नेछ ।

(५) जम्मा सदस्य संख्याको तीन खण्ड मध्येको एक खण्ड सदस्यहरूले मनासिव माफिकको कारण देखाई बैठक बोलाइयोस् भनी संयोजक समक्ष लिखित् अनुरोध गरेमा संयोजकले ७ दिनभित्र बैठक बोलाउनु पर्नेछ ।

(६) बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिन पाउनेछ।

(७) बैठकको निर्णय पुस्तिका सदस्य-सचिवले राख्नेछ ।

## परिच्छेद-५
## क्लव, खेलसंघहरूको दर्ता र व्यवस्थापन

**११. खेलकुदसम्बन्धी संस्थाको दर्ताः**

(१) खेलकुदसम्बन्धी गतिविधि सञ्चालन गर्न प्रचलित कानुन बमोजिम दर्ता भएको संस्थाले यस समितिमा समेत दफा ११ बमोजिम दर्ता गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम समितिमा दर्ता नभएको खेलकुद क्लव, खेल संघले गौशाला नगरपालिकाभित्र खेलकुदसम्बन्धी गतिविधि सञ्चालन गर्न सक्ने छैन ।

**१२. संस्था दर्ताको लागि दरखास्त दिनुपर्नेः**

(१) समितिको लगतमा संस्था दर्ता गराउने बाहने खेलकुदसम्बन्धी संस्थाले देहायका कुराहरू खुलाई समितिमा नाम दर्ताको लागि तोकिएबमोजिम निवेदन दस्तुरका साथ अनुसूची-१ बमोजिमको ढाँचामा दरखास्त दिनुपर्नेछः-

(क) संस्थाको नाम र ठेगाना।

(ख) सञ्चालन गरिने खेलकुदको किसिम/ विधा।

(ग) कार्यकारिणी समितिका सदस्यहरूको नाम, ठेगाना र पेशा ।

(२) उपदफा (१) बमोजिम दरखास्त दिंदा खेलकुंदसम्बन्धी संस्थाले संस्था दर्ता प्रमाण-पत्र र विधानको प्रतिलिपिसमेत दरखास्त साथ संलग्न गरेको हुनुपर्नेछ ।

**१३. खेलकुदसम्बन्धी संस्थाको नाम दर्ता गर्न सक्नेः**

(१) दफा ११ बमोजिम नाम दर्ता गराउनको लागि दरखास्त परेमा दरखास्त प्राप्त भएको मितिले पैंतीस दिनभित्र समितिले आवश्यक जाँचबुझ गरी त्यस्तो खेलकुदसम्बन्धी संस्थालाई आफ्नो लगतमा नाम दर्ता गराई अनुसूची-२ बमोजिमको प्रमाण-पत्र दिनुपर्नेछ । सोही प्रमाण पत्रमा हरेक वर्ष नवीकरण भएको विवरण उल्लेख गरी सम्बन्धित कर्मचारीले सही गरी नवीकरण गर्नु पर्नेछ ।

(२) पहिल्यै दर्ता भइसकेको संस्था भए नगरपालिकामा सूचीकृतको लागि अनुसूची-३ को ढाँचामा लिखित निवेदन दिनु पर्नेछ ।

(३) सूचीकृत भएका संस्थाहरूलाई अनुसूची-४ बमोजिम प्रमाण पत्र दिईनेछ । सोही प्रमाण पत्रमा हरेक वर्ष नवीकरण भएको विवरण उल्लेख गरी सम्बन्धित कर्मचारीले सही गरी नवीकरण गर्नुपर्नेछ ।

(४) दर्ता वा सूचीकृत भएका संस्थाको नवीकरण गर्न दिइने निवेदन अनुसूची-५ बमोजिमको ढाँचामा हुनुपर्नेछ ।

(५) नगरपालिकामा दर्ता वा सूचीकृत गर्दा आवेदन फारम शुल्कः बाहेक अन्य दस्तुर लाग्नेछैन ।

(६) प्रत्येक वर्षको आषाढ मसान्तभित्र सबै दर्तावाला वा सूचीकृत संस्थाहरूले नगरपालिकामा अनिवार्य नवीकरण गराउनु पर्नेछ ।

(७) आर्थिक कारोबार गरिने संस्थाले स्थायी लेखा नं. (PAN) लिएको हुनुपर्नेछ ।

(८) दर्ता र नवीकरण गर्नुभन्दा पहिले समितिले तोकेको प्रतिनिधिद्वारा सम्बन्धित ठाउँको निरीक्षण गर्नुपर्नेछ ।

(९) उपदफा (१) बमोजिम लगतमा नाम दर्ता गर्न नसकिने ठहरिएमा दर्ता गर्न नसकिने व्यहोराको सूचना समितिले त्यस्तो खेलकुदसम्बन्धी संस्थालाई दिनुपर्नेछ ।

(१०) दर्ता भएका टिम, क्लव, संघसंस्थाले जनु सुकै खेलकुदको प्रतियोगिता गर्नुभन्दा अगाडि नगर खेलकुदसमितिलाई जानकारी गराई स्वीकृति लिनुपर्नेछ ।

(११) नगर खेलकुदसमितिमा दर्ता भएका टिम क्लव संघसंस्थाहरूले नगर खेलकुदसमितिको उद्देश्य अनुसार खेलकुद प्रतियोगिता सञ्चालन गंज सहयोग माग गरेको खण्डमा आयोजक समितिलाई नगर खेलकुद विकास समितिको सिफारिसमा नगरपालिकाबाट आवश्यक रकम उपलब्ध गराउन सक्नेछ ।

**१४. हेरफेरको सूचना गर्नुपर्नेः**

(१) यो कार्यविधि बमोजिम समितिको लगतमा नाम दर्ता भएको खेलकुदसम्बन्धी संस्थाले दफा ११ बमोजिम नाम दर्ताको लागि दिएको दरखास्तमा उल्लेख भएको व्यहोरा वा दरखास्त साथ संलग्न विधानको व्यहोरामा कुनै

हेरफेर भएमा त्यसरी हेरफेर गर्नु परेको कारण सहितको सूचना १५ (पन्ध्र) दिनभित्र समितिलाई दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम हेरफेरको सूचना प्राप्त भएपछि त्यस्तो हेरफेर गर्नु पर्ने कारण मुनासिव देखेमा समितिले त्यस्तो हेरफेरको व्यहोरा लगतमा जनाई लगत अद्यावधिक बनाई राख्नु पर्नेछ ।

**१५. खेलकुदसम्बन्धी संस्थाले हिसाबको श्रेस्ता राख्नुपर्नेः**

(१) खेलकुदसम्बन्धी संस्थाले आफ्नो आम्दानी खर्चको हिसाबको श्रेस्ता समितिले तोकिदिएको ढाँचामा राख्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम खेलकुदसम्बन्धी संस्थाले राखेको श्रेस्ताको जाँचबुझ खेलकुदसमितिले जुनसुकैबेला पनि गर्नसक्नेछ ।

(३) खेलकुद समितिले उपदफा (२) बमोजिम खेलकुदसम्बन्धी संस्थाको श्रेस्ताको जाँचबुझ गर्दा गराउँदा आम्दानी खर्चको हिसाब किताब अनियमित भएको वा रकम हिनामिना भएको देखिएमा त्यसरी अनियमित भएको हिसाब किताब नियमित गर्न लगाउन र हिनामिना भएको रकम. सम्बन्धित व्यक्तिबाट असुल उपर गर्न गराउन आवश्यक कारवाही चलाउनु पर्नेछ ।

**१६. समितिले निर्देशन दिने र लगतबाट नाम कट्टा गर्नसक्नेः**

(१) समितिले खेलकुदसम्बन्धी संस्थालाई खेलकुदको विकासको सम्बन्धमा समय समयमा आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित खेलकुदसम्बन्धी संस्थाको कर्तव्य हुनेछ ।

(२) उपदफा (१) बमोजिम समितिले दिएको निर्देशनको पालन नगर्ने खेलकुदसम्बन्धी संस्था वा समितिले तोकिदिएको ढाँचामा आफ्नो आम्दानी खर्चको हिसाव किताबको श्रेस्ता नराख्ने वा रकम हिनामिना गर्ने खेलकुदसम्बन्धी संस्थाको नाम समितिले आफ्नो लगतबाट कट्टा गर्नसक्नेछ ।

(३) उपदफा (२) बमोजिम समितिले आफ्नो लगतबाट कुनै खेलकुदसम्बन्धी संस्थाको नाम कट्टा गरेमा त्यसको सूचना सम्बन्धित खेलकुदसम्बन्धी संस्थालाई दिनुपर्नेछ ।

**१७. समितिको स्वीकृति लिनुपर्नेः** खेलकुदसम्बन्धी संस्थाले खेलकुद प्रतियोगिता नगर भन्दा बाहिर वा राष्ट्रिय वा अन्तर्राष्ट्रिय खेलकुद विषयको सभा वा सम्मेलनमा भाग लिन कुनै सदस्य वा खेलाडीलाई पठाउन वा गौशाला नगरपालिकामा हुने खेलकुद प्रतियोगिता वा खेलकुद सभा वा सम्मेलनमा अन्य क्षेत्रको खेलाडी वा अधिकारीहरूलाई आमन्त्रण गर्न समितिको स्वीकृति लिनुपर्नेछ ।

**१८. सदस्यहरूको भत्ताः**

(१) सदस्यहरूले समितिको बैठकमा भाग लिए बापत बठैक भत्ता पाउनेछन् ।

(२) सदस्यले समितिको काम विशेषले भ्रमण गर्नु परेमा तोकिए बमोजिमको भ्रमण तथा दैनिक भत्ता पाउनेछन् ।

**१९. कार्यक्रम तथा बजेटः** खेलकुद विकास प्रवर्धनको लागि गौशाला नगरपालिकाले आवश्यक बजेट वार्षिक योजनामा समावेश गर्नुपर्नेछ ।

## परिच्छेद-६

## सचिवालय सम्बन्धी व्यवस्था

**२०. नगरस्तरीय खेलकुद विकास समितिको सचिवालयः** नगरस्तरीय खेलकुद विकास समिति र सचिवालयको कार्यालय गौशाला नगर कार्यपालिकाको कार्यालयले तोकेको स्थानमा रहनेछ।

**२१. समितिको छापः** नगरस्तरीय खेलकुद विकास समितिको नाममा एउटा छुट्टै छाप रहनेछ।

## परिच्छेद-७

## तालिम तथा प्रशिक्षण व्यवस्थापन

२२. नगर खेलकुद विकास समितिले खेलकुद विकास र खेलाडीको स्तर वृद्धि गर्नको लागि आवश्यकता अनुसार बिभिन्न खेलहरूको तालिम र प्रशिक्षण दिनेछ ।

२३. प्रशिक्षार्थीहरू प्रशिक्षणमा समावेश हुन नगर खेलकुद विकास समितिका प्रतिनिधी र वडा अध्यक्षको सिफारिस सहित नगर खेलकुद समितिको निर्धारित फारम बुझाई आवेदन दिनुपर्नेछ ।

२४. प्रशिक्षार्थीहरूले फारम शुल्क रू. १०।-, मासिक शुल्क रू. १००/- बुझाई खेलाडी परिचय पत्र लिनु पर्नेछ र भर्ना शुल्क रू. २००/- लाग्नेछ ।

२५. प्रशिक्षणमा सहभागी टीम, क्लब, संघ संस्था, विद्यालयहरू भएको हकमा ६ देखि १२ जना सम्मको प्रशिक्षार्थी संख्या हुनुपर्ने र फारम शुल्क रू. १०/-, दर्ता शुल्क रू. १००/-

२६. कुनै खेल प्रशिक्षणको लागि सम्झौता अनुसारको सिबिधा पाउने गरी बढीमा एक जना प्रशिक्षक, एक जना सहायक प्रशिक्षक सेवा करारमा नियुक्ति गर्न सकिनेछ । यसरि नियुक्ति भएका प्रशिक्षक र सहायक प्रशिक्षकलाई नगर खेलकुद विकास समितिले तोके बमोजिम सेवा सुबिधा उपलब्ध गराईनेछ ।

२७. कुनै पनि खेलको प्रशिक्षण अवधि एक पटकमा बढीमा एक वर्षको लागि हुनेछ । आवश्यकता अनुसार म्याद थपघट गर्दै जानेछ ।

२८. प्रशिक्षार्थी खेलाडीको लागि आवश्यक सामानको हकमा व्यक्तिगत प्रयोगको समान आफैले जुटाउनु पर्नेछ ।

२९. प्रशिक्षकले आवश्यक सामानको सूची तयार गरी नगरपालिकामा माग गर्ने, खेलाडीबाट मासिक शुल्क उठाउन, प्रशिक्षण सामग्रीको अभिलेख राखी हिफाजत गर्ने, प्रशिक्षार्थीहरूलाई नियमित र अनुशासनमा राख्ने र प्याकेज प्रोग्राम (प्रशिक्षण) र प्रगति प्रगति प्रतिवेदन तयार गरी पेश गर्ने जिम्मा लिनु पर्नेछ ।

३०. प्रशिक्षकले हप्ताको ६ दिन हुने गरी कम्तिमा दिनको दुई घण्टा खेलाडीहरूलाई प्रशिक्षण कार्य गर्नुपर्नेछ ।

३१. स्थगित गरिएका प्रशिक्षण कार्यलाई पुन: संचालन गर्न आवश्यक व्यवस्था भएको सूचना मिलेमा समितिको निर्णय अनुसार खेल प्रशिक्षण कार्यलाई निरन्तरता दिनेछ ।

३२. कुनै खेल र प्रशिक्षणमा बिशेष व्यवस्था वा थप प्रशिक्षक वा सुबिधा आवश्यक भएमा नगरपालिकालाई अनुरोध गरी स्वीकृति भए अनुसार गरिनेछ ।

## परिच्छेद-८

## आचार संहिता

**३३. आचार संहिताः** खेल सम्बन्धी विषयका खेलाडी, समिति संयोजक तथा सदस्य, कर्मचारी नगर कार्यपालिका र सभासदहरूले देहाय बमोजिमको आचारसंहिता पालना गर्नुपर्नेछः

(१) खेलका निर्णायक, खेलाडी, दर्शक, आयोजक कसैले पनि खेल सञ्चालनको समयमा कुनै पनि प्रतिबन्धित लागूऔषध, मादक, सुर्तिजन्य पदार्थ र पानगुट्का सेवन गर्न पाईनेछैन् ।

(२) प्रतिस्पर्धी टिमले विदेशी नागरिक मात्र समावेश गरेर स्वदेशी टिम बनाउन पाइनेछैन् । तर विदेशी खेलाडी समेतलाई आमन्त्रण गरिँदा गैर नेपाली टिमलाई मान्यता दिइनेछ ।

(३) प्रतिस्पर्धात्मक खेल सञ्चालन गर्दा दर्तावाला टिमलाई मात्र मान्यता दिइनेछ ।

(४) नैतिक पतन हुने फौजदारी अपराधमा दोषी ठहरिएको खेलाडीलाई खेलको टिमबाट हटाइनेछ ।

(५) खेलको विजय पश्चात् पाउने शिल्ड, ट्रफि कहिं कतै बेच्न, धरौटी राख्न वा उपहार दिन पाइनेछैन। तर कुनै दर्तावाला क्लव विघटन हुन गई उक्त क्लवले प्राप्त गरेका सील्ड, ट्रफि नगरपालिकाको स्वीकृतिमा अर्को दर्तावाला क्लग्नलाई उपहार दिनभने बाधा पर्नेछैन्।

(६) कुनै खेलमा व्यक्तिलाई दिएको उपहार बाहेक टिमले पाएको उपहार व्यक्तिको अधीनमा राख्न पाइनेछैन तर संरक्षण गर्न बाधा पर्नेछैन्।

(७) खेलको निर्णायक राख्दा तालिम प्राप्त आधिकारिक व्यक्तिबाहेक अरुलाई राख्न पाइनेछैन् ।

(८) खेलाडीहरूले आपसमा प्रतिस्पर्धा गर्दा आफ्नो टिमको पक्ष लिई क्ल्यापिङ्ग हुटिङ्ग, अनुहार मेकअप र चित्र प्रदर्शन गर्न पाइनेछ तर विपक्षि टीमका व्यक्तिहरू वा टीमलाई लक्षित गरी कार्टुन, चित्रकारिता, हुटिङ्ग व्यक्तिगत वा संस्थागत नामबाट अश्लिल शब्द वा अभद्र व्यवहार गर्न पाइनेछैन् ।

(९) खेलको विकास गरी प्रचार प्रसार र प्रतिस्पर्धा क्षमता विकास गर्न नगरपालिकाको स्वीकृति र इजाजत बिना आफ्नो टिमको नाममा जबर्जस्ती चन्दा उठाउन पाइने छैन् ।

(१०) नगरपालिकाको स्वीकृति वा इजाजत लिई उठाइएको चन्दा संस्थाको आम्दानी खातामा आय जनाई सम्बन्धित क्लवबाट पारित गराएर मात्र खर्च गर्न पाइनेछ ।

(११) यस अघिनै अन्यत्र दर्ता भएका वा नगरपालिकामा सूचीकृत भएका संस्थाहरूले नगरपालिकामा लिखित् जानकारी दिएर मात्र स्वतन्त्र ढंगले खेल सञ्चालन गर्न पाउनेछन् ।

**३४. सौजन्यमा प्रतियोगिता सच्चालनः** दर्तावाला संस्थाहरूले अन्य संघसंस्थाहरूको सौजन्यमा कुनै खेल सञ्चालन गर्न नगरपालिकको पूर्वस्वीकृति लिनुपर्नेछ । संस्थाको सौजन्यबाट प्राप्त नगदी, जिन्सी वा अन्य सहयोगलाई सार्वजनिक गरी खेल सञ्चालन गर्नुका साथै, विवरण दुरुस्त राख्नुपर्नेछ ।

**३५. जरिवानाः**

(१) दर्ता भएका खेलकुदसम्बन्धी संस्थाहरूले नवीकरण नगराएमा तोकिए बमोजिमको जरिवाना गरिनेछ ।

(२) समयमै नवीकरण नगर्ने संस्थाले आफ्नो कोषबाट जरिवाना बुझाउनु पर्नेछ। तर, संस्थाको कुनै व्यक्तिका कारणले संस्था नवीकरण गर्न विलम्ब हुन गएको भए उक्त व्यक्तिबाट संस्थाले असुल उपर गर्न सक्नेछ ।

**३६. संस्थाको विघटनः** (१) दर्ता भएको खेलकुदका संस्थाहरू देहायको अवस्थामा विघटन हनु सक्नेछनः

(१) संस्थाका दुई तिहाई बहुमतले संस्था विघटन गर्ने भनी निर्णय गरेमा ।

(२) लगातार ५ वर्षसम्म संस्था नवीकरण नगरेमा।

(३) संस्थाले लगातार २ वर्षसम्म कुनै प्रतियोगितामा सहभागी नभएमा वा कुनै खेलकुदका कार्यक्रम आयोजना नगरेमा ।

**३७. विघटित संस्थाको सम्पत्तिः** विघटन भएको संस्थाको सम्पत्ति नगरपालिका मातहतमा रहनेछ।

**३८. सजायः**

(१) समितिको कुनै सदस्य वा कर्मचारीले नियतबस वा लापरवाही गरी वा बदनियतसाथ समितिलाई हानी नोक्सानी पुर्‍याएमा निजलाई २०,०००।- (बीस हजार) रुपैयाँसम्म जरिवाना हुन सक्नेछ।

(२) आर्थिक सम्पत्तिमा हानी नोक्सानी पुर्‍याएमा आर्थिक ऐनमा उल्लेख भए अनुसार कारबाही हुनेछ ।

**३९. असल नियतले गरेको काममा बचाउः** यस निर्देशिका बमोजिम सदस्यहरूले असल नियतले खेलकुदसम्बन्धी शैक्षिक संस्था, क्लव, संस्थाहरूको अनुगमन तथा नियमन गर्दा कुनै गल्ती भएमा सदस्यहरू उपर कुनै कारबाही गरिनेछैन् ।

४०. यस निर्देशिकामा लेखिएको कुरामा यसै बमोजिम र अन्यमा प्रचलित कानुन बमोजिम हुनेछ ।

**४१. प्रतिवेदनः** समितिको वार्षिक प्रगति प्रतिवेदन संयोजकले कार्यपालिकामा पेश गर्नुपर्नेछ ।

**४२. बाधा अडकाउ फुकाउने अधिकारः** यस निर्देशिकाको कार्यान्वयनमा कुनै बाधा अडकाउ परेमा वा व्याख्या गर्ने अधिकार नगरपालिकालाई हुनेछ ।

**४३. संशोधनः** यस कार्यविधिमा आवश्यकता अनुसार नगरकार्यपालिकाले आवश्यक संशोधन गर्न सक्नेछ ।

## अनुसूची-१

### (दफा ११ को उपदफा (१) सँग सम्बन्धित)

मितिः ——————

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,

गौशाला नगरपालिका,

नगर कार्यपालिकाको कार्यालय,

गौशाला, महोत्तरी ।

विषयः संस्था दर्ता सम्बन्धमा ।

म/ हामीले तपसिलमा लेखिएको विवरण अनुसारको खेलकुद सम्बन्धी संस्था दर्ता गर्ने मनसायले इच्छुक व्यक्तिहरुको भेलाबाट गठित तदर्थ समितिले संस्थाको विधानसमेत तयार गरी सकेकोले एकप्रति विधान यसै निवेदन साथ संलग्न राखि विधान स्वीकृत र संस्था दर्ताका लागि आवेदन गरेको छु/ छौं । नियमानुसार संस्था दर्ता गरिदिनुहुनु अनुरोध गर्दछु/ छौं ।

संस्थाको कार्यालय रहने स्थानः ——————————

गौशाला नगरपालिका वार्ड नं ———, टोलको नाम ——————

| | |
|---|---|
| सचिवः | अध्यक्षः |
| नामः | नामः |
| मितिः | मितिः |

निवेदन साथ पेश गर्नुपर्ने कागजातहरुः

(क) संस्थाको विधानको मस्यौदा ।

(ख) आवेदक र समितिका पदाधिकारीहरुको नेपाली नागरिकताको प्रतिलिपि ।

(ग) संस्थाको छापको नमूना ।

## अनुसूची — २

**(दफा १२ को उपदफा (१) सँग सम्बन्धित)**

मितिः ——————

श्री गौशाला नगरपालिका,

नगर कार्यपालिकाको कार्यालय,

गौशाला, महोत्तरी ।

विषयः संस्था दर्ता प्रमाण-पत्र

संस्थाको नामः ———————— ठेगानाः ——————— दर्ता हुँदाका बखत रहनु भएका समितिको पदाधिकारी र सदस्य संख्याः

दर्ता हुँदाका बखत रहनु भएको अध्यक्षको नामः

माथि उल्लेखित विवरण भएको संस्थाको विधान स्वीकृत गरी संस्था दर्ताको प्रमाण-पत्र प्रदान गरिएको छ । गौशाला नगर खेलकुद विकास समिति कार्यविधि र विधानको अधीनमा रही खेलकुदसम्बन्धी गतिविधिहरु सञ्चालन गर्न अनुमति दिइएको छ ।

——————

प्रमुख प्रशासकीय अधिकृत

गौशाला नगगरपालिका

संस्था नवीकरणको विवरण

नवीकरण गर्ने कर्मचारीको सही र न.पा.को छापः

| क्र.सं. | संस्थाको नाम | नवीकरण भएको मिति | नवीकरण दस्तुर | नवीकरण गर्ने कर्मचारीको सही र न.पा.को छाप |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

## अनुसूची — ३

**(दफा १२ को उपदफा (२) सँग सम्बन्धित)**

मितिः ——————

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,

गौशाला नगरपालिका,

नगर कार्यपालिकाको कार्यालय,

गौशाला, महोत्तरी ।

विषयः संस्था सूचीकृत गरिदिनु हुन ।

हामीले तपसिलको विवरण अनुसारको संस्था गठन गरी सञ्चालन गर्दै आएका छौं । नगर कार्यपालिकाको नियमानुसार संस्था सूचीकृत गर्नुपर्ने भएकोले नियम अनुसार गरिदिन अनुरोध गर्दछौं ।

संलग्न कागजातहरुः

(क) दर्ता प्रमाण पत्र ।

(ख) चालु वर्षको लेखा परीक्षण प्रतिवेदन ।

(ग) कर चुक्ता प्रमाण-पत्र ।

(घ) कार्य समितिको निर्णय ।

| | |
|---|---|
| —————— | —————— |
| हस्ताक्षर | हस्ताक्षर |
| सचिव | अध्यक्ष |

**अनुसूची — ४**

**(दफा १२ को उपदफा (३) सँग सम्बन्धित)**

मितिः ——————

श्री गौशाला नगरपालिका,

नगर कार्यपालिकाको कार्यालय,

गौशाला, महोत्तरी ।

विषयः संस्था सूचीकृत प्रमाण-पत्र

संस्थानको नामः ————————————

ठेगानाः ————————————

दर्ता हुँदाका बखत रहनु भएका समितिको पदाधिकारी र सदस्य संख्याः

दर्ता हुँदाका बखत रहनु भएको अध्यक्षको नामः

माथि उल्लेखित विवरण भएको संस्था सूचीकृत गरी प्रमाण-पत्र प्रदान गरिएको छ । गौशाला नगर खेलकुद विकास समिति कार्यविधि र विधानको अधीनमा रही खेलकुदसम्बन्धी गतिविधिहरु सञ्चालन गर्न अनुमति दिईएको छ ।

——————

प्रमुख प्रशासकीय अधिकृत

गौशाला नगगरपालिका

संस्था नवीकरणको विवरणः

नवीकरण गर्ने कर्मचारीको सही र न.पा. को छापः

| **क्र.सं.** | **संस्थाको नाम** | **नवीकरण भएको मिति** | **नवीकरण दस्तुर** | **नवीकरण गर्ने कर्मचारीको सही र न.पा.को छाप** |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

## अनुसूची — ५

### (दफा १२ को उपदफा (४) सँग सम्बन्धित)

मितिः ——————

श्री गौशाला नगरपालिका,

नगर कार्यपालिकाको कार्यालय,

गौशाला, महोत्तरी ।

विषयः संस्था नवीकरण गरी पाउँ ।

———————————— नामक संस्था यस नगरपालिकामा दर्ता/सूचीकृत भई खेलकुदसम्बन्धी गतिविधिहरु सञ्चालन गरी रहेको हुँदा तपशिल बमोजिमका कागज पत्र संलग्न राखी नवीकरण गरिपाउँ भनि निवेदन गर्न आएको छु/छौ । अतः आर्थिक वर्ष —————— को संस्था नवीकरण गरी पाउँ ।

नवेदन साथ पेश गर्नु पर्ने कागजातहरुः

(क) आर्थिक वर्ष ——————— को लेखापरीक्षण प्रतिवेदन ।

(ख) संस्थाको वार्षिक गतिविधि ।

(ग) भावी योजना र बजेट ।

**नगर कार्यपालिकाबाट स्वीकृत मितिः २०८१/१२/३१ गते**
**प्रमाणीकरण मिति: २०८२/०१/१० गते**

**आज्ञाले,**
**ओम बहादुर अधिकारी**
**प्रमुख प्रशासकीय अधिकृत**